D.A.O. Reg.No. 1210 SWC Reg. No. 33344

# तराई मानव अधिकार रक्षक सञ्जाल
# TERAI HUMAN RIGHTS DEFENDERS ALLIANCE

THRD Alliance
For Equity and Justice

Ref.No: Dispatch No:

मिति: २०७४/०१/०५

## प्रेस बिज्ञप्ति

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आव्हानमा, आज मधेशका जिलाहरुमा गरिएको मसाल जुलुसको क्रममा मोरंगको बिराटनगरमा राज्य तर्फबाट गरिएको बलको प्रयोगको कारण आठ जना प्रदर्सनकारिहरु घाइते भएको घटणाप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ. राज्य तर्फबाट गरिएको लाठीचार्जमा परेर नेपाल सद्भावना पार्टीका बिद्यार्थी नेता राकेश रोशन यादव, सोही पार्टीका मृतुन्जय मिश्र र मोर्चा संग आबद्ध मो.तबरेज हक को अवस्था ज्यादै गम्भिर रहेको कुराको जानकारी हामिले अस्थलगत अनुगमन गरेर पाएका छौ.

त्यस्तै गरी, संघिय सामाजवादी फोरम नेपालका जिला अध्यक्ष राजकुमार यादव, सोही पार्टीका नेता मृतुन्जय झा, आलम इराकी र तराई मधेश लोकतान्त्रिक पार्टीका मोरंग जिला अध्यक्ष कादिर अली समेत घाइते भएका छन.

तसर्थ, घाइते आन्दोलनकारिहरुको स्वास्थ्य उपचारको व्यवस्था राज्यपक्षलाई मिलाई दिन हामी आग्रह गर्दछौं. बैषाख ३१ गते घोषणा गरिएको चुनावलाई लिएर अहिले नेपालको राजनिती विभाजित रहेको कुरा आमसंचार र बिभिन्न दलहरुको बिज्ञप्तिबाट बुझिन्छ. बैषाख ४ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले सार्बजनिक गरेको आन्दोलनको तालिकालाई मध्यनजर गर्दा मधेशमा आन्दोलनले निरन्तरता पाउन् सकिनेकुराको आकलन गर्न सकिन्छ.

यस्तो अवस्थामा, सरोकारबाला पक्षहरुले संयमता अपनाउन र कानुन सम्बत आफ्ना कार्यक्रमहरु गर्न समेत हामी आग्रह गर्दछौं.

रणधीर चौधरी
थर्ड एलायन्स
बिराटनगर,मोरंग

*Collective Voice for Equity and Justice*
**THRD Alliance, Jaleshwor-4,Mahottari, Secretariat Office- Terai Justice Center, Kathmandu, Tinkune**
**Tel: +9771 5100696,Email: thrdalliance@gmail.com, website: www.thrda.org**